नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# जिल्ला विकास समितिको कार्यालय
जाजरकोट

प.सं.:- २०७३।०७४ मितिः- २०७३।११।०५

च.नं.:- ११६३

श्री जिल्ला वन अधिकृत ज्यु

जिल्ला वन कार्यलय

जाजरकोट

विषय : काउलो तथा खोटो संकलन कार्य रोक्ने सम्वन्धमा

प्रस्तुत विषयमा जिल्ला विकास समितिको आठौ जिल्ला परिषदको निर्णयको वुदा नम्वर २६ अनुसार जिल्लाबाट धेरै मात्रामा निकासी हुने काउलो तथा खोटो संकलन गर्दा संकलन गर्नेहरुले संकलन सम्वन्धी निर्देशिका बमोजिम संकलन नगरेकोले वन क्षेत्रमा नोक्सानी हुने , पुन : उत्पादन कम हुने , रुख सुक्ने जस्ता कार्यले तिब्र रुपमा वन विनास भईरहेकोले काउलो र खोटो संकलन कार्य कम्तीमा ३ वर्ष पुर्ण रुपमा बन्द गर्न सम्वन्धित निकायमा अनुरोध गर्न जि.वि.स को कार्यलयलाई अधिकार प्रदान गर्ने गरि निर्णय भएको व्यहोरा पुन स्मरणार्थ अनुरोध गर्दछु । जिल्ला परिषद वाट भएको निर्णय कार्यन्वयन गर्नु पर्ने दायित्व सबै सार्वजनिक निकायको भएको सन्दर्भमा उल्लेखित निर्णय प्रभावकारी कार्यन्वयन भएको नदेखिएको सन्दर्भमा पुन मिति २०७३ माघ २९ गते वसेको सर्वदलिय वैठकले खोटो संकलन कार्य गर्दा वन ऐन तथा नियमावली वमोजिम खोटो संकलन गर्ने रुखहरु कम्तिमा ३६ इन्चीको हुनुपर्ने, खोटो संकलन पछि सम्वन्धीत रुखको उपचार तथा पुनस्थापनाको विधिहरु अवलम्वन गर्नु पर्नेमा स्वीकृत मापदण्ड तथा कार्यविधि बमोजिम खोटो संकलन कर्ताले खोटो संकलन कार्य नगरेको कारणबाट सल्लाका रुखहरु सुक्दै गएको र वन ढडेलो लगायतका वनजन्य अतिक्रमणवाट केही निश्चीत समुहले मात्र फाइदा लिइ आम जिल्ला वासीहरुको हित विपरितका कार्यले वातावरणीय विनास तथा प्रदुषण हुने भएकोले वन ऐन तथा नियमावलि वमोजिम वन संरक्षण गर्ने दायित्व तथा जवाफदेहिता त्यहा कार्यलयको रहेकोले जिल्ला परिषदको तथा सर्वदलिय वैठकको निर्णय अनुसार कार्यन्वयन गरि जानकारी पठाउन हुन अनुरोध गरिन्छ ।

वोधार्थः

श्री जिल्ला प्रशासन कार्यलय , जाजरकोट

श्री जिल्ला प्रहरी कार्यलय ,जाजरकोट

श्री ज्वाला दल गण , जाजरकोट

श्री शसस्त्र प्रहरी वल , अस्थाइ वेस क्याम्प जाजरकोट

✓श्री सुचना शाखा website मा राखीदिनु होला

( रुद्रप्रसाद पण्डित)

स्थानिय विकास अधिकारी

स्थानीय विकास अधिकारी